नयाँपत्रिका दैनिकमा प्रकाशित वर्ष १४ अंक २६६, २७ पौष २०७७

साबल सहकारी संस्था लिमिटेड

धुम्वाराहीचोक,चक्रपथ, काठमाडौं

एक्काईसौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

आदरणीय शेयर सदस्य महानुभावहरु,

यस संस्थाको संचालक समितिको मिति २०७७।०९।२४ गते बसेको बैठकको निर्णयानुसार यस वर्ष कोभिड महामारीका कारणले सहकारी विभागको निर्देशन बमोजिम संस्थाको एक्काइसौं वार्षिक साधारणसभा देहायका विषयहरुमा छलफल गरी निर्णय गर्नका लागि सम्पूर्ण सदस्यज्यूहरुलाई निम्न मिति र समयमा विद्युतीय माध्यमबाट सन्चालन गरिने साधारण सभामा सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

छलफलका विषयहरु :

१. संचालक समितिको प्रतिवेदन सम्वन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा ।
३. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०७६।७७ को वित्तीय विवरणहरु सम्वन्धमा ।
४. संचालक समितिबाट आर्थिक वर्ष २०७६।७७ को प्रस्तावित लाभांश अनुमोदन गर्ने ।
५. आ.व. २०७७/७८ को लागि प्रस्तावित वार्षिक बजेट अनुमोदन गर्ने ।
६. आ.व. २०७७/७८ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
७. साधारणसभा सम्बन्धी निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सदस्यहरुको तर्फबाट प्रतिनिधिहरु चयन गर्ने ।
८. संस्थाको विनियम २०५६ तथा कार्यविधी शंशोधन गर्ने सम्वन्धमा ।
९. विविध ।

साधारण सभा सन्चालन गर्ने विधि

- साधारण सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका संस्थाको कार्यालयमा मिति २०७७।१०।२५ गते देखि मिति २०७७।११।०५ गते सम्म लगातार खुल्ला राखिने भएकोले संस्थामा आई उपस्थिति जनाउन सकिनेछ ।
- बार्षिक प्रतिबेदन सोही समयमा कार्यालयबाट नै प्राप्त गर्न सकिनेछ ।
- आफ्नो अमूल्य सुझाव लिखित रुपमा उपस्थित भएको दिनमा बुझाउन तथा संस्थाको इमेल ठेगाना sabalsahakari2056@gmail.com मा पठाउन सकिनेछ ।
- बार्षिक प्रतिबेदन संस्थाको website :www.sabalcooperative.com.np मार्फत हेर्न सकिनेछ ।
- मिति २०७७।११।०८ गते शनिबार विहान ११.०० बजे साधारणसभा सम्वन्धी कार्यक्रम गर्ने । यो कार्यक्रममा सकेसम्म सदस्यहरुलाई सामाजिक संजालहरु मार्फत प्रत्यक्ष जोड्न प्रयास गरिने छ ।

संचालक समितिको आज्ञाले,

(अन्जना पौड्याल)
नायब व्यवस्थापक

एक्काइसौं वार्षिक साधारण सभामा

कार्यकारी अध्यक्षबाट प्रस्तुत संचालक समितिको प्रतिवेदन

एक्काइसौं वार्षिक साधारण सभामा उपस्थित हुनुभएका आदरणीय सल्लाहकारज्यूहरु, लेखा सुपरीवेक्षण समितिका संयोजकज्यू तथा सदस्यज्यूहरु र संस्थाका सम्पूर्ण सदस्यज्यूहरुमा संचालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को विषम परिस्थितिमा एकै स्थानमा एकै पटक भेला भै कार्यक्रम संचालन गर्न उपयुक्त नभएको हुदा संस्थाको संचालक समितिको निर्णय तथा सूचना बमोजिम यस एक्काइसौं बार्षिक साधारणसभामा बिद्युतिय माध्यमबाट सहभागी हुनु भएका सम्पूर्ण सदस्यज्यूहरुलाई धन्यबाद तथा आभार प्रकट गर्न चाहन्छु ।

नेपालको संविधानले सहकारी क्षेत्रको सहभागिता र सक्रियता मार्फत मुलुकको दिगो आर्थिक विकास हासिल गर्ने घोषणा गरेको छ । यस उद्देश्यबाट मुलुकभरका सहकारीहरुको क्षमता विकास, संचालन, व्यवस्थापन र संस्थाको उपादेयता प्रष्टिने कुरामा हामी विश्वस्त छौं । संघिय सहकारी ऐन, २०७४, प्रदेश सहकारी ऐन, २०७६, संघीय सहकारी नियमावली, २०७५ र प्रदेश सहकारी नियमावली २०७६ ले धेरै नवीन व्यवस्था गरेतापनि संस्थाको सदस्य र क्षेत्राधिकारका सवालमा भने अझै साँघुरो व्यवस्था रहेको छ । स्थानिय तहको क्षेत्राधिकार भित्र समेत सहकारी रहेको हुँदा परिवर्तित कानूनी व्यवस्थाबाट संघ, प्रदेश र स्थानीय सरकारहरुसंग सहकारी संस्थाहरुले समन्वय र सम्वन्ध स्थापित गरी कार्य गर्नुपर्ने देखिन्छ ।

आदरणीय सदस्यहरु,

संस्थाको सवलताको लागि पूँजीको पर्याप्तता, वित्तीय अनुशासन, संस्थागत सुशासन तथा सदस्यहरुको बचतको सुरक्षणजस्ता कुराहरुले बिशेष महत्व राख्दछ । साबल सहकारी संस्थाले यी कुराहरुलाई गम्भिरताका साथ लिएको छ र सदस्यहरुको बचतको संरक्षणलाई उच्च प्राथमिकतामा राखेर ऋण लगानी र असुलीको कार्यमा चनाखो भई काम गर्दै आएको छ । सदस्यहरुलाई कसरी सरल र सहज ढंगबाट छोटो समयावधिमा सेवा प्रवाह गर्न सकिन्छ भन्ने बिषयमा व्यवस्थापन सदैव सजग रहदै आएको छ ।

विगत केही वर्षदेखि संस्था आफ्नै स्वामित्वको सुविधायुक्त भवनबाट संचालन हुँदै आएको छ । यसबाट संस्थाका सम्पूर्ण सदस्यहरुमा गौरव अनुभूति हुनुका साथै संस्थाप्रतिको विश्वसनियतामा समेत थप वृद्धि भएको छ ।

संस्थाको समग्र वित्तीय कारोबारलाई व्यवस्थित, मर्यादित, पारदर्शी र सुशासित बनाउन समीक्षा अवधिमा संचालक समितिको २२ पटक बैठक बस्यो र बैठकमा प्रस्तुत भएका प्रस्तावहरु उपर गंभिरतापूर्वक छलफल भई सर्वसम्मत निर्णय भएको व्यहोरा यहाँहरु समक्ष राख्न चाहन्छु ।

सदस्यहरुबाट प्राप्त बचतलाई अधिकतम परिचालन गर्न लगानीका केही नयाँ क्षेत्रहरुको पहिचान गरि त्यस्ता क्षेत्रहरुमा लगानी गर्दा अपनाइने कार्यबिधी समेत तर्जुमा गरी विगत केही वर्षदेखि कार्यान्वयनमा ल्याईएको छ । तरलता तथा लगानी व्यवस्थापन गर्ने सन्दर्भमा समीक्षा अवधिमा ब्याजदरमा समसामयिक परिवर्तन गरिएको छ ।

संस्थाको कारोवारलाई व्यवस्थित तथा पारदर्शी वनाउन लेखा सुपरिवेक्षण समितिबाट निरन्तर रुपमा नीतिगत सुझाव, हरहिसाब परीक्षण तथा अनुगमन गर्ने कार्य हुँदै आएको छ र चौमासिक रुपमा महत्वपूर्ण राय तथा सुझाव र निर्देशनहरु प्राप्त भई रहेका छन् । लेखा सुपरीवेक्षण समितिबाट प्राप्त हुने लिखित प्रतिवेदन सम्वन्धमा लेखा सुपरीवेक्षण समिति र संचालक समितिको संयुक्त वैठकमा छलफल गरी सुझावहरु कार्यान्वयन गर्ने परम्परालाई निरन्तरता दिइएको छ । यसबाट संस्थाको आन्तरिक नियन्त्रण प्रणाली मजबुत हुनुको साथै संस्थागत सुशासनमा थप योगदान पुगेको छ ।

संस्थाको निरन्तर विकासमा सल्लाहकारज्यूहरुको व्यक्तित्व र भूमिकाले ठुलो योगदान पुऱ्याएको छ । यस समीक्षा वर्षमा पनि **सल्लाहकारज्यूहरु**बाट संस्थाको बृहत्तर हितका लागि महत्वपूर्ण सल्लाह, सुझाव र मार्गदर्शनहरु प्राप्त भएका छन् ।

संस्थाको सम्पूर्ण कार्य ठीक, दुरुस्त र पारदर्शी बनाई राख्नका लागि र व्यवस्थापनलाई विविध सहयोग पुऱ्याउने उद्देश्यले गठित उपसमितिहरुबाट समीक्षा अवधिमा भए गरेका कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. **ऋण उपसमिति :** यस उपसमितिले संस्थाबाट प्रवाह हुने ऋणलाई सुरक्षित बनाउन र धितोको गुणस्तरमा कमी हुन नदिने उद्देश्यले सदस्यहरुबाट माग भएको ऋणको लागि धितो रहने संपत्तिको स्थलगत निरीक्षण गरी ऋण पूर्णतः सुरक्षित हुने देखेमा मात्र ऋण प्रवाह गर्न आफ्नो रायसहित संचालक समिति समक्ष सिफारिश गर्ने कार्य गर्दै आएको छ । साथै ऋण सुरक्षित होस् भन्ने उदेश्यले रु. दस लाखभन्दा बढी ऋण लगानी गर्दा सहकारी सम्बन्धी मापदण्ड तथा निर्देशानुसार संस्थागत मूल्यांकनकर्ताबाट समेत मूल्यांकन गराई ऋण प्रवाह गर्ने गरिएको छ । यी कार्यहरु सम्पन्न गर्न समीक्षा अवधिमा यो उपसमितिको २६ पटक बैठक बसेको थियो ।

२. **ऋण असुली उपसमिति :** भाखा नाघेको ऋण असुली कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक नीतिगत तथा कार्यविधिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउँन यो उपसमिति सक्रिय छ । उप समितिको सिफारिश बमोजिम भाखा नाघेको ऋण असुली, छुट/मिनाहा शिफारिस तथा धितो लिलाम प्रकृया अघि वढाउने तर्फ विभिन्न नीतिगत, प्रकृयागत तथा असुलीका कार्यहरु सम्पन्न गरिएको छ । असुल हुन नसकेका भाखा नाघेको ऋणहरुलाई सार्वजनिक गरी असुलीको लागि आवश्यकता अनुसार लिलाम बढाबढको प्रक्रियामा जाने कार्य समेत गर्ने गरिएको छ । यसबाट संस्थाको भाखा नाघेको ऋण असुलीमा उल्लेख्य प्रगति भएको देखिन्छ ।

३. **सामाजिक सेवा उपसमिति :** २०६२ साल फागुन ७ गतेदेखि **साबल स्वास्थ्य केन्द्र** स्थापना गरी सामाजिक सेवा उपसमितिको पहलमा निःशुल्क प्रसुति तथा स्त्रीरोग सम्बन्धी उपचार सेवालाई निरन्तरता दिँदै आएको सर्वबिदितै छ । विशाल मिलन केन्द्रसमेतको सहयोगमा प्रत्येक शनिवार उपलब्ध हुने यस्तो सेवा अन्तर्गत नियमित स्वास्थ्य परीक्षण, बिशेष स्वास्थ्य परीक्षण, क्यान्सर रोगको परीक्षण, रक्तदान कार्यक्रम जस्ता जनस्वास्थ्यसंग सरोकार राख्ने कार्यहरु हुँदै आएका छन् । समीक्षा अवधिमा नियमित तर्फ १७२ जनाको निशुल्क स्वास्थ्य परीक्षण गरिएको छ भने १२ वटा रिङ्ग पेसारी लगाइएको छ ।

२०७६ चैत ८ गतेको दिन बिशाल मिलन केन्द्रसंगको सहकार्यमा संचालन गरिएको रक्तदान कार्यक्रममा ४२ जना दाताहरुले रक्तदान गर्नु भएको थियो । यी सवै कार्यको लागि सामाजिक सेवा उपसमितिको बैठक १० पटक वस्यो ।

४. **ब्याजदर निर्धारण तथा नियमन उपसमिति :** यस उपसमितिले संस्थाको आर्थिक स्थितिलाई सुदृढ राख्न बाह्य वित्तीय बजार र संस्थाको तरलताको अवस्थालाई मध्यनजर राखी संस्थाले दिने लिने ब्याजदरलाई समयसापेक्ष परिवर्तन गर्न संचालक समिति समक्ष समय समयमा सिफारिस गर्ने गरेको छ र सोही आधारमा संचालक समितिले आवश्यकता अनुसार ब्याजदरमा हेरफेर गर्ने गरेको छ । समीक्षा अवधिमा यस उपसमितिको ५ पटक बैठक बस्यो ।

<u>वित्तीय विवरणहरु</u>

यस संस्थाको २०७६ माघ ११ मा सम्पन्न बिसौं वार्षिक साधारण सभाबाट आ.व. ०७६।७७ को लेखा परीक्षणको लागि नियुक्त गरिएका आनन्द श्रेष्ठ एण्ड एसोसिएट्सका चार्टर्ड एकाउन्टेन्ट श्री आनन्द श्रेष्ठ बाट आ.व.२०७६/७७ को लेखा परीक्षण कार्य सम्पन्न भएको व्यहोरा यहाँहरुलाई

जानकारी गराउँछु । चालु आर्थिक वर्षको हरहिसाब लेखा परीक्षणको लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धी निर्णय यसै साधारण सभाबाट हुनु पर्नेछ ।

लेखा परीक्षकको प्रतिवेदन, आषाढ ३१, २०७७ को वित्तीय स्थितिको विवरण (वासलात) तथा आ.व.२०७६/७७ को आय विवरण (नाफा/नोक्सान हिसाब) यहाँहरु सबैलाई उपलब्ध गराइएको छ । ती प्रतिवेदन तथा विवरणबाट संस्थाको वास्तविक वित्तीय स्थिति स्पष्ट हुनेनै छ । तर पनि समीक्षा अवधिका प्रमुख वित्तीय विवरणहरु यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०७६/७७ मा संस्थाको कुल आय रु.१३,६९,३९,२६९।- भयो भने कुल खर्च रु. ११,६८,०४,२५३।- भयो । यस खर्चमा ऋण नोक्सानी व्यवस्थाको लागि छुट्याईएको रकम रु. १२,४९,४१३।-, कर्मचारी बोनस व्यवस्था र कर्मचारी उपदान व्यवस्थाको लागि छुट्याईएको रकम रु.१६,४६,१०७।- समेत समावेश भएको व्यहोरा जानकारी गराउँदछु । यस अनुसार आयकर अघिको बचत रु. २,०१,३५,०१६।- हुन आउँछ भने करपछिको खुद बचत रु.१,८१,४४,२७८।– हुन गएको छ ।

आ.व. २०७६/७७ मा संस्थाको कारोवारको वार्षिक लक्ष्य र प्रगति विवरण निम्नानुसार भएको व्यहोरा जानकारी गराउँदछु ।

आ.व. २०७५/७६ र २०७६/७७ को कारोवारको तुलनात्मक विवरण (रु.हजारमा)

क्र.सं.	शीर्षक	२०७५/७६ यथार्थ	२०७६/७७		लक्ष्यको तुलनामा प्रगति (प्रतिशत)
			लक्ष्य	यथार्थ	
१.	शेयर पुँजी	१०,११,८०	११,००,००	१०,२४,६५	९३.१५
२.	निक्षेप संकलन	९५,७२,७९	१,०७,००,००	१,००,६९,७०	९४.११
३.	ऋण सापटी	७४,०५,०६	९५,००,००	७८,६५,१७	८२.७९
४.	संचालन खर्च	१,२९,४७	१,६९,९७	१,२०,४९	७०.८९
५.	ऋण नोक्सानी व्यवस्था	१५,४८	–	१२,४९	–
६.	व्याज खर्च	९,०९,७०	१०,५५,००	१०,३५,०६	९८.११
७.	व्याज आम्दानी (बैंक ब्याज समेत)	१२,३७,२१	१५,००,००	१२,५६,९३	८३.८०
८.	अन्य आम्दानी	८०,६१	९२,५५	१,१२,४६	१२१.५१
९.	बचत (करअघि)	२,६९,६६	३,११,६१	२,०१,३५	६४.६२

माथि उल्लेखित कर अघिको बचत रु २,०१,३५,०१६।- लाई देहाय बमोजिम बाँडफाँड गरिएको छ :

क्र.सं.	विवरण	रकम रु.
१.	आयकर व्यवस्था	१९,९०,७३८।-
२.	जगेडा कोष	४५,३६,०६९।-
३.	संरक्षित पूँजी फिर्ता कोष	३४,०२,०५२।-
४.	सहकारी प्रवर्द्धन कोष	६८,०४१।-
५.	शेयर लाभांश कोष	८७,२०,५७०।-
६.	घाटा पूर्ति कोष	२,५०,०००।-
७.	सहकारी विकास कोष	२,५०,०००।-
८.	संस्था विकास तथा सहकारी शिक्षा कोष	२,५०,०००।-
९.	सामुदायिक विकास तथा अन्य सामाजिक कार्य कोष	२,५०,०००।-
१०.	विपत कोष	१,००,०००।-
११.	अन्य जोखिम व्यवस्थापन कोष	२,५०,०००।-
१२.	बाँकी बचत	६७,५४६।-
	जम्मा	**२,०१,३५,०१६।-**

यस वर्ष संचालक समितिले सिफारिश गरे बमोजिम सदस्यहरुलाई १२ प्रतिशत प्रतिफल वितरण गर्न स्वीकृतिका लागि सम्मानित सभामा प्रस्ताव राख्दछु ।

<u>राजश्वमा योगदान :</u>

आ.व. २०७६/७७ मा संस्थाले राजश्वमा रु.८७,५२,०४७।- योगदान पुऱ्याएको व्यहोरा पनि जानकारी गराउँदछु ।

<u>बिपत व्यवस्थापनमा सहयोग:</u>

बिश्वव्यापी महामारीको दु:खद अवस्थामा सहकारी संस्थाको सामाजिक दायित्व समेत बोध गरी संस्थाको तर्फबाट रु १,११,१११।- र कर्मचारीहरुको तर्फबाट रु ३६,५७७।-गरी जम्मा रु १,४७,६८८।- प्रधानमंत्री विपत कोषमा सहयोग गरियो । कोभिड १९ को कारणबाट देहावसान हुनु भएका देश तथा बिदेशका सम्पूर्ण व्यक्तिहरु प्रति हार्दिक समवेदना प्रकट गर्दछु । साथै कोभिड १९ बाट पिडित बिश्वभरका सम्पूर्ण व्यक्तिहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

ऋण नोक्सानी व्यवस्था : वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुलाई तोकेको मापदण्ड र नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई दिएको निर्देशन समेतलाई आधार मानी यस संस्थाले आ.व. २०५८/५९ देखि प्रत्येक आर्थिक वर्षमा ऋण नोक्सानी व्यवस्था गर्दै आएको व्यहोरा यहाँहरु सबैमा विदितै छ । आ.व. २०७६/७७ मा पनि रु.१२,४९,४१३।०० ऋण नोक्सानी व्यवस्था गरिएको छ । यो रकम समेत कुल ऋण नोक्सानी व्यवस्था रु.१,९२,२४,१८८।०० रहेको छ । यो व्यवस्थाबाट जोखिम न्यूनीकरण गर्न महत्वपूर्ण सहयोग पुग्ने छ ।

संवत् २०७७ पौष मसान्त सम्मको वित्तीय विवरण :

अब म संस्थाको चालु आ.व.को पौष मसान्त सम्मको वित्तीय विवरणहरु बारे सम्मानित सभालाई संक्षिप्त जानकारी गराउने अनुमति चाहन्छु ।

सि.नं.	विवरण	रकम रु.(हजारमा)
१.	शेयरपुँजी	१०,२८,४५
२.	निक्षेप संकलन	१,०७,२८,३७
३.	ऋण सापटी	७५,१९,३८
४.	व्याज आम्दानी	३,७३,४८
५.	अन्य आम्दानी	२९,८५
६.	संचालन खर्च	४६,६५
७.	व्याज खर्च	५,०५,५९

यस सभामा प्रस्तुत भएका प्रगती विवरणहरु, लेखापरीक्षकको प्रतिवेदन सहितका वित्तीय विवरण र आ.व. २०७७/७८ को लागि प्रस्तावित बजेटमाथिको छलफलमा सक्रिय सहभागी हुनु भई आ.व. २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन सहितको विवरणहरु र आ.व. २०७७/७८ को लागि प्रस्तावित वार्षिक बजेट र प्रस्तावित लाभांश पारित गरीदिनु हुन यहाँहरु सबैसंग हार्दिक अनुरोध गर्दछु ।

बिश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को संक्रमणबाट बच्न तथा बचाउन नेपाल सरकारबाट जारी भएको बन्दाबन्दिका कारण समिक्षा अवधिमा संस्थाको गतिविधीमा नकारात्मक प्रभाव पर्न गयो । यसबाट लगानी संकुचन हुन गई अधिक तरलताका कारण संस्थाको आम्दानी अपेक्षित हुन सकेन । परिणामतः सदस्यहरुलाई उपलब्ध हुने प्रतिफलमा समेत केहि न्यूनिकरण हुन गएको छ । प्रतिकूल परिस्थितिमा समेत यँहाहरुबाट भएको सहयोगप्रति संस्था गौरब महशुस गर्दछ ।

हामी सबैको सहकार्यको धरोहर यस संस्थाको विकासका लागि विगतका साधारण सभामा सदस्य महानुभावहरुले दिनु भएको अमूल्य सुझाव एवं सल्लाह संस्थाले आत्मसात गरी लागू गर्ने प्रयत्न जारी राखेको छ । सम्पूर्ण सदस्यहरुको निरन्तर सहयोग र सद्भावको कारण संस्था आजको यो अवस्थामा आइपुगेको हो । भविष्यमा पनि हरतरहको सहयोग, सद्भाव, अमूल्य सुझाव तथा मार्गदर्शन प्रदान गर्नु हुनेछ भन्ने बिश्वासका साथ सम्पूर्ण सदस्य महानुभावहरु, नियमनकारी निकाय तथा संस्थाका शुभ चिन्तकहरुप्रति हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दछु । संस्थालाई यस अवस्थामा पुऱ्याउन अथक परिश्रम गर्ने कर्मचारीहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

२०७७ फागुन ८ गते, शनिवार ।

तीर्थराज खरेल

(तीर्थराज खरेल)

कार्यकारी अध्यक्ष

साबल सहकारी संस्था लिमिटेड

को

२१ औं वार्षिक साधारण सभा समक्ष प्रस्तुत

आर्थिक वर्ष २०७६।०७७ को लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन

(प्रदेश सहकारी ऐन २०७६ को दफा ४५ को उपदफ १(च) को वर्षिक प्रतिवेदन प्रचलित मापदण्डले तोकेको अनुसूची २ वमोजिम नै तयार गरिएको)

यस सम्मानित सभाका आदरणीय सभापतिज्यू, संचालकज्यूहरू, सल्लाहकारज्यूहरू, लेखापरीक्षकज्यू, उपस्थित सार्वभौम सदस्यज्यूहरू, संस्थाको मेरूदण्डको रूपमा रहनु भएका कर्मचारी मित्रहरू, यस साबल सहकारी संस्था लिमिटेडको यस २१ औं वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित हुनु भएका र विद्युतिय माध्यमबाट सहभागी हुनुभएका सबै सदस्य महानुभावहरूमा लेखा सुपरीवेक्षण समिति र म स्वयंको तर्फबाट हार्दिक स्वागत गर्दै न्यानो सहकारी अभिवादन गर्दछु ।

सदस्य महानुभावहरूले २० औं वार्षिक साधारण सभाबाट ४ वर्षको लागि विश्वासका साथ निर्विरोध रूपले निर्वाचन गरी चयन गराउनु भएकोमा सर्वोच्च अंगको रुपमा रहनु भएका सार्वभौम सदस्यज्यूहरु प्रति यो समितिले आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छ । गत ४ वर्षको अवधिमा सम्पन्न भएको १७ औं, १८ औं, १९ औं र २० औं वार्षिक साधारण सभाबाट समेत यस समितिलाई सार्वभौम/सर्वाधिकार सम्पन्न आदरणीय शेयर सदस्य महानुभावहरूबाट प्राप्त भएको मार्गदर्शनका साथै प्रचलित सर्वमान्य लेखा सिद्धान्त समेतलाई मध्यनजर राखी यस समितिले आर्थिक वर्ष २०७६।०७७ को संस्थाको हिसाव किताब तथा कारोवारको परीक्षण गरी तोकिए बमोजिमका ढाँचामा यो वार्षिक प्रतिवेदन तयार गरी संस्थाको सर्वोच्च निकायको रूपमा परिभाषित यस सम्मानित सार्वभौम सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(१) अघिल्लो साधारण सभाको कार्यान्वयनको अवस्था : –

– अघिल्लो साधारण सभा मिति २०७६।१०।११ मा सम्पन्न भएको र सो साधारण सभाका निर्णयहरू क्रमशः कार्यान्वयन हुँदै गएको देखिन्छ ।

(२) आ.व. २०७६।०७७ को (२०७६ श्रावण देखि २०७७ आषाढ मसान्त सम्मको) अवधिमा संचालक समितिको २७ वटा वैठक बसेको र भएका निर्णयहरू क्रमशः कार्यान्वयन हुँदै गएको देखिन्छ ।

(३) ऋण लगानीको प्रकृया, ऋण वापतको सुरक्षण वा धितो सम्वन्धी व्यवस्था :–

– तलका सम्वन्धित प्रकरणहरूमा उल्लेख गरिएको छ ।

(४) प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६ र बागमती प्रदेश सरकारले जारी गरी नसकेको अवस्थामा सहकारी विभागबाट जारी गरिएका प्रचलित मापदण्ड/निर्देशन/निर्देशिकाहरूको पालना सम्वन्धी संक्षिप्त विवरण :–

– प्रचलित मापदण्ड/निर्देशन/निर्देशिकाहरू क्रमिकरूपले पालना गर्दै गरेको देखिएतापनि मिति २०७६।०२।१३ देखि लागु हुने गरी प्रदेश राजपत्रमा प्रकाशित "प्रदेश सहकारी ऐन २०७६" तथा सहकारी ऐन २०७४(संघिय) अनुसार नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले मिति २०७४।१०।१५ मा जारी गरेको "सम्पती शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन २०७४" लाई पूर्णरूपले पालना गर्ने तर्फ उच्च व्यवस्थापन/संचालक समितिमा विस्तृत छलफल हुँदा क्रमशः पालना गर्दै जाने प्रतिवद्धता समेत व्यक्त भएको छ ।

(५) सहकारी कार्यालय, विभाग वा सम्वन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्वन्धी विवरणहरू :–

– प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू आवश्यकता अनुसार क्रमशः कार्यान्वयन गर्दै गईरहेको र सुधार गर्न वाँकी वुँदाहरू भने सहकारी विभाग (अनुगमन शाखा) को मिति २०७४।०४।३२ को पत्रानुसार सुधार गर्न प्रतिवद्धता व्यक्त गरेका बुँदाहरू उपर भए गरेका कारवाहीको थप प्रगती विवरण नियमित रूपले पेश गर्नुपर्ने देखिन्छ ।

(६) पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :–

६.१) पारिश्रमिक :–

क) कार्यकारी अध्यक्ष– रू. ४८,२४०/–

ख) कार्यकारी अध्यक्षलाई पारिश्रमिकको १०% ले हुने रकम संचयकोष अनुदान वापत प्रदान गर्ने गरेको छ ।

६.२) भत्ता : –

क) वैठक भत्ता रू. २,०००/– प्रति बैठक प्रति संचालक

६.३) कार्यकारी अध्यक्षलाई प्रदान गरिएको अन्य थप सुविधाहरू :–

क) मासिक टेलिफोन खर्च रू. १,०००/–

ख) मासिक महङ्गी भत्ता रू. २,०००/–

ग) वार्षिक पोशाक भत्ता रू. १०,०००/–

घ) ऐन नियम निर्णय अनुसार पाउने वोनस, एक महिना वरोबरको तलब पर्व खर्च, १५/१५ दिन वरोवरको तलब अर्ध वार्षिक तथा वार्षिक खाताबन्दी भत्ता र औषधी उपचार बापत वार्षिक रूपले १५ दिनको तलव वरावरको रकम ।

ङ) हाजिर भएको दिनमा खाजा र परिवहन वापत प्रति दिन रू. १००/– का दरले हुने रकम भत्ता स्वरूप दिने गरेको छ ।

६.४) उपरोक्त बमोजिम हिसाब गर्दा यस आर्थिक वर्षमा कार्यकारी अध्यक्षलाई रु. ९,७६,२०८/- भुक्तानी भएको देखिन्छ ।

(७) कर्मचारी प्रशासन सम्वन्धी व्यवस्थाहरू: –

७.१) साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्वन्धी नियमावली भए /नभएको :

– भएको ।

७.२) कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको

– प्रयोगमा ल्याइएको छ ।

७.३) भर्ना प्रकृया पारदर्शी र प्रतिस्पर्धी भएको/नभएको : –

– भएको ।

७.४) कार्यरत कर्मचारीहरू र कार्यवोझ विच तादम्यता रहेको/नरहेको : –

– रहेको हाम्रो अनुमान छ ।

७.५) व्यवस्थापन प्रमुखको रूपमा कार्य गरिरहनु भएका कार्यकारी "अध्यक्ष" संचालक समिति को योग्यता र क्षमता सम्वन्धी विवरण : –

त्रि.वि.बाट मानविकी तथा सामाजिक शास्त्रमा स्नातक तह उतीर्ण भई देशको केन्द्रिय वैक नेपाल राष्ट्र वैकमा लामो समय सेवा गर्नु भएको योग्य र क्षमतावान् भएको हामीले महसुस गरेका छौं । हाल संस्थाको प्रमुख कार्यकारी अधिकृतको काम समेत कार्यकारी अध्यक्षबाट भैरहेको छ ।

७.६) कर्मचारी भर्ना प्रकृया र संख्या : –

(क) भर्ना प्रकृया–लिखित तथा अन्तरवार्ता

(ख) संख्या–

(१) करार – २ जना समेत – ११ जना (कार्यकारी अध्यक्ष समेत) – २०७७ आषाढ मसान्तमा

(८) यस लेखा सुपरीवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन वमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था : –

यस समितिले चौमासिक रूपमा दिएका सुझावहरू क्रमशः कार्यान्वयन हुदैं गएको र सुधार गर्न बाँकिको हकमा प्रयास भैरहेको देखिएकोले ती सुझावहरू शिघ्र कार्यान्वयन हुने विश्वास लिएका छौं ।

(९) अन्य विवरणहरू :-

आदरणीय सदस्य महानुभावहरू,

संस्थाले आर्थिक वर्ष २०७६।७७ मा गरेको कारोवारको वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) गत वर्षकै ढाँचामा तयार गरी लेखा परीक्षण समेत गराई संचालक समितिको तर्फबाट अध्यक्षज्यूले यहाँहरू समक्ष पेश गरिसक्नु भएकोले सो विवरणहरूमा संस्थाको तुलनात्मक कारोवारको अंक सहितको प्रगति स्पष्ट उल्लेख भएको व्यहोरा यस सम्मानित सभालाई स्मरण गराउँदै सारांशमा मात्र निम्न विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) शेयर पुँजी रू १०,२४,६५ हजार

गत वर्ष १०,११,८०० कित्ता शेयरको रू. १०,११,८० हजार चुक्ता शेयर पूँजी भएकोमा यस वर्ष १२,८५० कित्ता शेयर वृद्धी भै १०,२४,६५० कित्ता भएको छ । जुन गत वर्षभन्दा रु. १२,८५ हजार वृद्धि भै जम्मा शेयर रकम रू. १०,२४,६५ हजार भएको छ ।

२) सदस्य बचत रू.१,००,६९,७० हजार

गत वर्षान्तमा रू. ९५,७२,७९ हजार सदस्य बचत बाँकि रहेकोमा यस वर्षान्तमा ५.१९(गत वर्ष २२.८९%) प्रतिशतले रू. ४,९६,९१ हजार वृद्धि भै रू. १,००,६९,७० हजार पुगेको छ । उक्त निक्षेपमा औसत कुल लागत ११.८० प्रतिशत (गत वर्ष ११.२५ प्रतिशत) का दरले (खुद नोक्सानी व्यवस्था र आयकर समेत) र औसत प्रत्यक्ष लागत १०.२८ प्रतिशत (गत वर्ष ९.५० प्रतिशत) का दरले वार्षिक लागत पर्न गएको देखिन्छ । पूँजीको अनुपातमा संस्थाले रू. २,१५,४८ लाख सम्म

बचत संकलन गर्न सकिनेमा उक्त रकम संकलन भएको देखिन्छ । निक्षेपको १०.७१ प्रतिशत तरलता रहेको देखिन्छ ।

३) सदस्यहरूसँग बाँकि ऋण रू. ७८,६५,१७ हजार

विगत वर्षको शुरू मौज्दातमा गत वर्ष भरीमा वितरित र असुलीको समायोजन गर्दा रू. ७४,०५,०६ हजार ऋण बाँकी भएकोमा यस बर्ष ६.२१ प्रतिशतले रू. ४,६०,११ हजार वृद्धि भै बर्षान्तमा जम्मा रू. ७८,६५,१७ हजार ऋण बाँकी रहेको देखिन्छ ।

कुल बाँकि ऋण मध्ये गत वर्ष रू. १,२३,६८ हजार भाखा नाघेको थियो भने यस वर्ष सो भाखा नाघेको ऋणमा १३.१४ प्रतिशतले रू १६,२५ हजार बृद्धी भई रू १,३९,९४ हजार भएको छ । कुल बाँकि कर्जा रू. ७८,६५,१७ हजारमा भाखा नाघेको ऋणको अंश १.७८ प्रतिशत देखिन्छ । गत बर्ष सो रकमको अंश १.६७ प्रतिशत थियो भने यस बर्ष ०.११ प्रतिशतले बृद्धी भएको देखिन्छ । यसरी बृद्धी हुँदै जानु राम्रो लक्षण देखिन्छ भने अर्कोतर्फ कुल ऋणको ३ प्रतिशत भन्दा वढी भाखा नाघेको ऋण हुंनुलाई राम्रो मान्न नसकिने हुँदा यसै गरी असुली कार्यमा प्राथमिकता दिदै जानु पर्ने हाम्रो सुझाव पुनः दोहोऱ्याउन चाहन्छौं । ऋणको सम्भाव्य नोक्सानीको लागि गत वर्षको आयबाट रू. १५,४८ हजार छुट्याइएकोमा यस वर्ष रू. १२,४९ हजार छुट्याइ कुल रू. १,९२,२४ हजार पुऱ्याइएको छ, जुन कुल आउटस्टैण्डीङ कर्जा रकमको २.४४ प्रतिशत हुन आउँछ । आ.व. २०७१।०७२ देखि कुल वाँकी ऋणको ५ प्रतिशत सम्मको ऋण नोक्सानी व्यवस्था बापतको खर्चलाई आयकर प्रयोजनको लागि खर्च छुट दिने आयकर ऐन २०५८ मा स्पष्ट व्यवस्था भएकोमा सोही सिमाभित्र नै रहेको देखिन्छ ।

३.१ विना धितो विना जमानीमा गएको पुराना उठ्न बाँकी ऋण मध्ये २०७४ आषाढ मसान्त अघि ९ जना ऋणीसँग रू. ८,९६ हजार असुल गर्न वाँकी भएकोमा २०७४ आषाढ मसान्तमा २ जना ऋणीको रू. १,३३ हजार, व्याज रू. १,७३ हजार गरी जम्मा रू. ३,०६ हजार बाँकी देखिन्छ । सो मध्ये पनि एक जनाको बचत खातामा रहेको रू. ४५ हजार रोक्का समेत गरिएकोले संस्थाको लेना रकम कडा कारवाही गरी असुल उपर गर्न उच्च व्यवस्थापनको ध्यान पुनः आकृष्ट गराइ रहेको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छौं ।

३.२ संस्थापनकालका सदस्यहरू वाहेकका अन्य सदस्यहरूको जमानी मात्रमा गएको कर्जा मध्ये २०७४ आषाढ मसान्त सम्ममा रू १७,३४ हजार बाँकी रहेकोमा यस आ.व. २०७६।७७ र चालु आ.व. २०७७।७८ को यस अवधिमा समेत गरी ७ जना ऋणीहरूसँग साँवा रु. ७३१ हजार र व्याज रु. ३८९ हजार गरी जम्मा रू ११,२० हजार असुल गर्न बाँकी रहेको देखिन्छ । उक्त कर्जाहरू प्रभावकारी रूपमा असुल गर्न प्राथमिकताका साथ थप कारवाही अगाडि वढाउन उच्च व्यवस्थापनको ध्यान पुनः आकृष्ट गराएको व्यहोरा पनि यस सम्मानित सभालाई जानकारी गराउँदै, सो ७ जना मध्ये पनि ३ जना ऋणीले गत/ विगत वर्षमा नै धरौटी वापत रू. २,५८ हजार बुझाएको समेत देखिन्छ ।

३.३ अपलेखन (Book Write off)

विगत वर्षमा भएको १६ औं वार्षिक साधारण सभाबाट पारित "कर्जा अपलेखन कार्यविधी, २०७२ (प्रथम संशोधन २०७३ सहित)" अनुसार आ.व. २०७३।७४ मा २६ जना ऋणीसँगको लेना रकम अपलेखन हिसावमा सारिएकोमा सो अपलेखन गरिएका ऋणहरू उपर संस्थाको दावी यथावत् कायम रहने भएकोले संस्थाले आफ्नो लेना रकम दावी गरिरहनु पर्ने नै हुन्छ, यसरी दावी गर्दा प्राप्त हुन आउने रकम र वाँकी रकमको विवरण प्रत्येक वर्षको वित्तीय विवरणको प्रमुख लेखा

नीति तथा लेखा सम्वन्धी टिप्पणीहरू मार्फत सरोकारवालाहरूलाई जानकारी समेत गराउनुपर्ने भनी यस समितिले गत/विगत वर्षहरुको प्रतिवेदनमा स्पष्ट उल्लेख गरेकोमा यस वर्ष पनि सो भए/गरेको देखिएन । यस्ता ऋणी सदस्यहरूको छुट्टै अभिलेख राखी कारवाही अगाडी वढाई राख्न व्यवस्थापनको ध्यान आकृष्ट गराए अनुसार व्यवस्थापनले कारवाही गरी विगत वर्ष रू. २५ हजार असुल उपर गरी आम्दानी बाँधेकोमा चालु आ.व.- २०७७।०७८ को कार्तिक मसान्त सम्ममा रु. ५५ हजार असुल भएको हुँदा असुल गर्न बाँकी रु. ८५,२२ हजार मध्ये सावाँ रु. २५,९४ हजार, व्याज रु. ५९,२८ हजार हो । यस्ता सबै ऋणीहरूलाई निजहरूको ठेगानामा हुलाकबाट पत्र पठाउँदा घर ठेगाना पत्ता नलागेको भनि सबै पत्रहरू फिर्ता आएको देखिएकोले सदस्यता प्रदान गर्दा परिचय गराउने सदस्य मार्फत कारवाही अघि वढाउनु पर्ने हाम्रो सुझाव यस सम्मानित सभा मार्फत उच्च व्यवस्थापनको ध्यान आकृष्ट गराउन चाहन्छौं ।

३.४ असुल गर्न वाँकि व्याज रू. ३,९५,७१ हजार

उक्त असुल गर्न वाँकी व्याज मध्ये चालु आ.व. २०७७।७८ को मंसीर मसान्त सम्ममा असुल भएको व्याज रू. १,९३,३५ हजार (आम्दानी बाँधिसकेको) समेत असुल भै २०७७ मंसीर मसान्त रू. २,०२,३५ हजार वाँकी देखिएकोले सो बाँकी व्याज पनि असुल गर्न विशेष जोड दिनुपर्ने भनी यस समितिले सुझाव दिएको छ । गत वर्ष भन्दा यस वर्ष असुल गर्न वाँकी व्याज रू. २,०२,३६ हजार अर्थात १८५.३५ प्रतिशतले वृद्धि भएकोले असुलीको प्रयासहरू अपर्याप्त देखिन्छ । असुल उपर गर्न वाँकी रहेको सवै व्याज असुल उपर नगरी आम्दानी वाँध्न नपाइने भएकोले पनि व्याज असुलीलाई विशेष प्राथमिकता दिनुपर्ने टड्कारो रूपमा देखिन आएको व्यहोरा पुनः स्मरण गराउन चाहन्छौं ।

ऋणी सदस्यहरूबाट नियमितरूपले व्याज असुल गर्न उच्च व्यवस्थापनलाई निम्न सुझावहरू पेश गरिएको व्यहोरा पनि यस सम्मानित सभालाई पुनः जानकारी गराउन चाहन्छौं ।

(क) ऋण वितरण गर्नु अघि ऋणी सदस्यहरूले नियमित रूपले व्याज तिर्न सक्ने आय श्रोतको विश्लेषण गर्ने ।

(ख) तमसुकमा मासिक व्याज अनिवार्य रूपले तिर्ने गरी शर्त गराउने ।

(ग) प्रत्येक महिनाको मासिक व्याज अर्को महिनाको तोकिएको समयभित्र वुझाएमा तोकिएको प्रतिशत व्याज छुट दिने, तोकिएको मिति पछि मसान्तसम्म तिर्नेहरूलाई सो छुट नदिने र तत्पश्चात् व्याज तिर्न आएमा तोकिएको विलम्व शुल्क समेत लिने गरेमा ऋणी सदस्यहरू समयमै व्याज तिर्ने कार्यमा सकिय रहन्छन् भन्ने हाम्रो ठहर यस सम्मानित सभा मार्फत संचालक समितिको ध्यान पुनः आकृष्ट गराएका छौं ।

४) जम्मा आम्दानी रू. १३,६९,३९ हजार

गत वर्ष रू. १३,१७,८२ हजार जम्मा आम्दानी भएकोमा यस वर्ष ३.९१ प्रतिशत (गत वर्ष १९.५ प्रतिशत थियो) ले रू ५१,५७ हजार वृद्धि भई रू १३,६९,३९ हजार पुग्न गएको छ । संस्थाले कोभिड-१९ को माहामारीको कारणले व्यवसायमा आएको ह्रासले सदस्यहरुको आय घट्न गै व्याज तिर्न नसकेकाहरुलाई केही छुट दिएको र संस्थाले समयमा नै तिर्ने ऋणी सदस्यलाई दिने गरेको छुट समेत यस वर्ष रु. २६,७५ हजार छुट दिएको रकम आम्दानी व्याजमा न्यून गरी देखाईएको छ । सो कुल आम्दानीमा २०७७ मंसीर मसान्त सम्म असुल भएको व्याज रू. १,९३,३५ हजार समेत समावेश गरिएको छ । गत वर्ष श्रावण मसान्त सम्ममा रू. ३४,१४ हजार असुल भै आम्दानी बाधिएको थियो ।

५) जम्मा खर्च रू ११,८७,९५ हजार (कर्जा नोक्सानी व्यवस्था रू १२,४९ हजार र आयकर रू. १९,९१ हजार समेत)

गत वर्ष जम्मा खर्च रू १०,७६,७० हजार भएकोमा यस वर्ष १०.३३ प्रतिशतले रू. १,११,२५ हजार वृद्धि भै रू. ११,८७,९५ हजार हुन गएको छ । उक्त जम्मा खर्चमा व्याज खर्चको अंश ८७.१३ प्रतिशत रहेको छ भने ऋण नोक्सानी व्यवस्था र आयकरको अंश २.७३ प्रतिशत रहेकोले प्रशासनिक खर्चको अंश १०.१४ प्रतिशत (गत वर्षको १०.५९ प्रतिशत थियो) देखिन्छ ।

६) खुद बचत (नाफा) रू. १,८१,४४ हजार

गत वर्ष खुद वचत रू. २,४१,१४ हजार भएकोमा यस वर्ष २४.७६ प्रतिशतले रू ५९,७० हजार (गत वर्ष २०.५५ प्रतिशतले रू ४१,११ हजार वृद्धि भएको थियो) न्युन भै रू. १,८१,४४ हजार हुन गएको छ । जम्मा आम्दानीको १३.२५ प्रतिशतले खुद वचत रहेको छ भने शेयर पूँजीसँग खुद वचत तुलना गर्दा १७.७१ प्रतिशतले पूँजीको प्रतिफल प्राप्त भएको देखिन्छ । जुन गत वर्ष २३.८३ प्रतिशत थियो ।

७) नगद तथा बैंक मौज्दात रू. १०,७८,९५ हजार

प्रचलित मापदण्ड अनुसार कुल बाँकी निक्षेपको १५ प्रतिशतले हुने रू. १५,१०,४६ हजार तरलता कायम गर्नु पर्नेमा १०.७१ प्रतिशतले हुने रू. १०,७८,९५ हजार मात्र तरलता कायम रहेको देखिन्छ ।

८) सम्पत्ती तथा उपकरण रू. १०,८८,८७ हजार

यस शीर्षकमा समावेश भएको मध्ये यस वर्ष रू १,६४ हजार को सम्पती थप भएको र ऐन नियम अनुसार रू ३,९३ हजार ह्रास कट्टी गर्दा सो रकम वाँकी देखिन आएको हो ।

९) गैह्र वित्तीय सम्पती रू. १,९१,८९ हजार

ऋण प्रवाह गर्दा धितो स्वरूप संस्थाको नाममा लेखिएको सम्पतिहरू लिलाम गर्दा कसैबाट सकार नभएको कारणले संस्थाले सकार गरी "गैह्र वित्तीय सम्पति" शीर्षकमा लेखाङ्कन भएको सम्पती गत वर्ष रू. १,८८,५५ हजार वाँकी रहेकोमा यस वर्ष रू. ३,३४ हजार थप भै रू. १,९१,८९ हजार पुगेको छ । यस शीर्षकमा लेखाङ्कन भएको उक्त सम्पत्तिहरू पनि यथाशिघ्र विक्रि गरी नगदीकरण गर्नुपर्ने हाम्रो सुझाव पुनः दोहोऱ्याउन चाहन्छौं ।

१०) व्यवस्थापनबाट प्राप्त विवरण अनुसार संस्थाले यस आर्थिक वर्षमा निम्न वमोजिमका विभिन्न कर वापतको रू. ८७,५२ हजार सम्वन्धित राजश्व खातामा दाखिला गरी योगदान गरेको देखिएको व्यहोरा पनि सम्मानित सभालाई जानकारी गराउन चाहन्छौं ।

(रू हजारमा)

(क) आयकर वापत–		१९,९१
(ख) व्याज कर वापत–		५४,०२
(ग) लाभांश कर वापत–		७,८७
(घ) पारिश्रमिक कर वापत–		२,०७
(ङ) वैठक भत्ता कर वापत–		१,७५
(च) घरजग्गा कर-		७
(छ) अन्य कर वापत–		१,८३
	जम्मा	**८७,५२**

(११) सुझावहरू

- सहकारी विभाग, डिभिजन सहकारी कार्यालयले निरीक्षण गरी दिएको प्रतिवेदनमा औंल्याइएका सुझावहरू मध्ये अधिकांश सुझावहरू परिपालन भएको र केही बाँकी रहेका सुझावहरू पूर्ण रूपले पालना गर्नुपर्ने देखिन्छ ।

- ब्यवस्थापकीय सुधारको लागि PEARLS को विश्लेषण गरी सो को अभिलेख पूर्ण रूपले राख्न सुझाव गरिएको छ ।

- सदस्यहरूलाई ऋण प्रवाह गर्दा पेश गरिने कागजातहरूमा ऋण लिनुको उद्देश्य (ऋणको प्रयोग) ऋणी सदस्य स्वयम्ले ब्यहोर्ने स्व लगानी रकम (Equity) को आवश्यक प्रमाणित कागजातहरू सम्वन्धित सबै ऋणीहरूको फाइलमा राख्नुपर्ने कार्यलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

- सुरू सुरूमा सदस्यहरूलाई ऋण प्रवाह गर्दा संस्था पूर्णरूपले सुरक्षित नभै ऋण वितरण गरिएको, सुरक्षित हुँदाहुँदै पनि ऋणी बेपत्ता भएको, सम्पर्कमा नआएको, सम्पर्कमा आएर पनि अटेर गरेको जस्ता कारणहरूले गर्दा पुराना केही ऋणी सदस्यहरूसँग (अपलेखन गरिएका समेत) ऋणको साँवा व्याज असुल हुन नसकेकाले यस्ता ऋणीहरूसँगको बाँकी साँवा व्याज असुल उपर गर्न विशेष व्यवस्था गर्नुपर्ने हाम्रो सुझाव पुनः दोहोऱ्याएका छौं ।

- संस्थाकै सम्पतीको रूपमा रहेको ऋण/सापटीहरू सवैको धितो रहेको नदेखिएकोले त्यस्ता सम्पतीहरू पूर्ण रूपले सुरक्षित रहेको भन्न नसकिने भएको हुँदा त्यस तर्फ यस सम्मानित सभा मार्फत समितिको ध्यान आकृष्ट गराउन चाहन्छौं ।

- आम्दानी व्याज लेखाङ्कन गर्दा २०७७ आषाढ भित्रै प्राप्त भएको व्याज मात्र लेखाङ्कन गर्नुपर्नेमा २०७६।७७ को वर्षान्त सम्ममा पाकेको व्याज मध्ये २०७७ मंसिर मसान्त सम्म असुल भएको व्याज रू १,९३,३५ हजार पनि व्याज आम्दानीमा लेखाङ्कन गरिएको देखिन्छ ।

- यो संस्था बागमती प्रदेश भित्र मात्र कार्य क्षेत्र भएको संस्था भएकोले प्रदेश सरकारले मिति २०७६।०२।१३ मा प्रदेश राजपत्र भाग १ मा प्रकाशित "प्रदेश सहकारी ऐन २०७६" र "प्रदेश सहकारी नियमावली २०७६" मा उल्लेखित सबै व्यवस्था/ प्रावधानहरु पूर्णरुपले पालना गर्नको लागि संस्थाको विद्यमान विनियम/ विनियमावलीहरु/ कार्यविधिहरु/ निर्देशिकाहरु आदीमा के कस्तो असर पर्न जान्छ सो अध्ययन गरी ऐन सँग नबाझिने गरी संशोधन/सुधार गर्न र "सम्पत्ति सुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशिका २०७४" लाई पूर्ण रुपले पालना गर्नको लागि सो निर्देशिकामा उल्लेखित व्यवस्थाहरु मिलाउनु पर्ने समेतको यस समितिको सुझाब यस सम्मानित सभा मार्फत संचालक समितिको ध्यान आकृष्ट गराउन चाहन्छौं । साथै ऐनको दफा ४६ को उपदफा ७ मा कुल ऋण लगानीको ६० प्रतिशत उत्पादन मुलक क्षेत्रमा लगानी गर्नुपर्ने वाध्यात्मक व्यवस्था भएको तर्फ ध्यानाकर्षण गराउँदै सोही अनुसारको ऋण लगानीको वर्गिकरण समेत गर्नुपर्ने देखिन्छ ।

आदरणीय सदस्य महानुभावहरू,

संस्थाको कारोवार निरीक्षण/परीक्षण गरी अध्ययन गर्दा पाएको तथ्यहरू र सुधार गर्नु पर्ने पक्षहरू समावेश गरी तयार गरिएको प्रत्येक चौमासिक प्रतिबेदनहरू संचालक समिति समक्ष पेश गरी छलफल पश्चात् तयार गरिएको यो प्रतिवेदन यस सम्मानित सार्वभौम सभा समक्ष प्रस्तुत गरेका छौं । यस प्रतिवेदन उपर गत/बिगत वर्षहरूमा झैं बृहत छलफल गरी आगामी वर्षहरूको लागि आजको यसै सम्मानित सभाबाट समितिलाई मार्गदर्शन सहितको निर्देशन दिनु हुनेछ भन्ने विश्वास लिएका छौं । संस्थाको सम्पूर्ण सदस्यहरूको बृहत हितलाई संरक्षण गर्दै आवश्यक नीति नियम तर्जुमा गरी दैनिक कार्य सुचारूरूपले संचालन गर्नको लागि आफ्ना प्रतिनिधिको रूपमा ९ जनाको एक संचालक समिति र सो समिति मार्फत संस्थाले गरेको सम्पूर्ण कार्यहरूको ऐनको दफा ४५ को उपदफा १(घ) अनुसार चौमासिकरुपले लेखाजोखा, निरीक्षण, परीक्षण गरी आवश्यक सुझाव दिन म संयोजक समेत ३ जनाको यो लेखा सुपरीवेक्षण समिति चयन भएको १ वर्षको कार्यकाल आज नै पुरा भएको छ । यस अवधिमा हामीले आफ्नो वुद्धि/विवेक/क्षमताले भ्याएसम्म निर्भिकरूपले कार्य गरेको हामीले महसुस गरे पनि सो को यथार्थ मूल्याङ्कन गर्ने कार्य भने सम्मानित सार्वभौम सदस्यज्यूहरूकै हो भन्ने हाम्रो ठम्याई छ । अध्यक्षज्यू, संचालकज्यूहरू, सल्लाहकारज्यूहरू, आफ्नो संस्था प्रति चिन्तन मनन गरी समय समयमा यस समितिलाई मार्ग दर्शन गराउने सबै सदस्य महानुभावहरू र संस्थाको मेरूदण्डको रूपमा रहेका कर्मचारी मित्रहरूबाट प्राप्त सहयोगको उच्च मूल्याङ्कन सहित हाम्रा अग्रजहरू, सहयोगी तथा सहकर्मी साथीहरू सबैमा हृदयदेखि नै आभार व्यक्त गर्नका साथै यस प्रतिवेदन उपरमा हुने छलफलको जिज्ञासाहरूलाई मेटाउने प्रण गर्दै यो प्रतिवेदन यही विटमार्ने अनुमती माग गर्दछौं ।

धन्यवाद, जय सहकारी ।

.....	.....	.....
(तारा प्रसाद महर्जन)	(राजुप्रसाद पौडेल)	(कमल खरेल)
सदस्य	सदस्य	संयोजक

स्थान : काठमाडौं ।
मिति : २०७७१०१०८

A. Shrestha & Associates
Chartered Accountants
Regd. No. - 379/067/68

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्य महानुभावहरु,

साबल सहकारी संस्था लि.

का.म. पा.-४, धुम्वाराही चोक, काठमाडौ ।

आ.व.२०७६/७७ को लेखापरिक्षणको प्रतिवेदन

हामीले साबल सहकारी संस्था लि.को वित्तीय विवरण, जसले २०७७ साल आषाढ मसान्तको वित्तिय स्थितिको विवरण (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६/०७७ को आय विवरण (नाफा/नोक्सान हिसाब), नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरु सँग सम्बन्धित नीति तथा टिप्पणीहरुको विवरण समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो राय

हामी यस प्रतिवेदनमा उल्लेखित आधारमा लेखापरीक्षण गरी निम्न अनुसारको राय पेश गर्दछौं:

१. लेखापरीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेका सुचना तथा स्पष्टिकरणहरु उपलब्ध भएका छन् ।

२. यस प्रतिवेदनमा सम्बन्धित वित्तिय स्थितिको विवरण (वासलात) र आय विवरण (नाफा/नोक्सान हिसाब) तथा तत्सम्बधी अनुसुचीहरु संस्थाले राखेको हिसाबसँग दुरुस्त रहेका छन् ।

३. सहकारी ऐन तथा नियमावली बमोजिम प्राथमिक पूजिं कोषको १० प्रतिशत भन्दा बढी एकै व्यक्तिलाई ऋण लगानी गर्न नपाइने भए पनि संस्थाले केहि ऋणहरु प्राथमिक पूजिं कोषको १० प्रतिशत भन्दा बढी ऋण लगानी एकै व्यक्तिलाई गरेको छ ।

४. यस संस्थाको उद्देश्य बहुउद्देश्यीय भए पनि बचत तथा ऋणको मात्र कारोवार गरी रहेका छ । संस्थाको उद्देश्य बमोजिम कारोवार गरिनु पर्यो या उद्देश्य परिवर्तन गर्नु पर्ने देखिन्छ ।

५. ऋण नोक्सानी व्यवस्था गर्दा, संस्थाले नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभागको मिति २०६८/०१/०१ मा जारी मापदण्डमा उल्लेखित मापदण्ड अनुसार यस आ. व. को अन्तमा नवीकरण पछिको जम्मा असुल हुन बांकी ऋणलाई भाखा नाघेको आधारमा असल, शंकास्पद तथा खराब गरि तिन बर्गमा बिभाजन गरी र उक्त बर्गिकरणको आधारमा क्रमशः १, ३५ तथा १०० प्रतिशतका दरले ऋण नोक्सानी व्यवस्था गरिनु पर्नेमा सो नगरी संचालक समितिको निर्णय बमोजिम ऋण नोक्सानी व्यवस्था गरिएको छ ।

६. ब्याज आम्दानी आ.ब. २०७६.७७ मा पाकेको ब्याज मध्येबाट, मिति २०७७.०८.३० सम्म असूल भएको ब्याज रकम रु. १९,३३४,५५६.०० लाई संचालक समितिको निणर्य अनुसार यस आ.ब.मा नै आम्दानी जनाइएको छ ।

Kathmandu, Nepal

E-mail: anandshrestha0@gmail.com, Tel: 01-4362271

७. यसै प्रतिवेदनको अभिन्न अंगको रुपमा रहेको संलग्न अनुसूचीमा उल्लेखित बुदाँहरू, प्रमुख लेखा टिप्पणीहरु र माथि बुदाँ नं ३, ४, ५ र ६ ले पार्ने असरहरू बाहेक हामीले पाए सम्मको सूचना, दिईएको स्पष्टीकरण र संलग्न लेखा नीति तथा टिप्पणीहरूलाई साथै अध्ययन गर्दा हाम्रो रायमा २०७७ आषाढ ३१ गतेको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक संचालन नतिजा साथै उक्त अवधीको नगद प्रवाह विवरणले उचित तथा यथार्थ विवरण चित्रण गर्दछ ।

नेपाल लेखामानबोड (NASB) ले जारी गरेको तथा नेपाल चार्टर्ड एकाउन्टेन्टस् सँस्था (ICAN) द्वारा वित्तिय विवरण प्रस्तुती सम्बन्धि लागु गरिएको नेपाल वित्तिय प्रतिवेदनमान (NFRS) को पालना नगरि वित्तिय विवरण तयार पारिएकोले सँस्थाको वित्तिय विवरण उपर कुनै पनि राय व्यक्त गरिएको छैन ।

रायका आधारहरु

लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । लेखापरीक्षण प्रकृयाले हाम्रो मन्तव्यलाई पर्याप्तआधार प्रदानगर्ने कुरामा हामी विश्वस्त छौ ।

मुख्य लेखापरिक्षण व्यहोराहरु

मुख्य लेखापरिक्षण व्यहोराहरु यसै साथ छुट्टै अनुसुचीमा संलग्न गरेका छौं ।

व्यवस्थापनका उत्तरदायित्वहरु

प्रचलित कानून तथा नेपाल लेखामान वमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु साबल सहकारी संस्था लि.को व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अर्न्तगत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखा नीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

लेखापरिक्षकको उत्तरदायित्वहरु

प्रस्तुत वित्तीय विवरणहरू माथि लेखापरिक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हामो उत्तरदायित्व हो ।

स्थान : काठमाण्डौं

मिति : २०७७.०९.१९

सि.ए. आनन्द श्रेष्ठ

ए. श्रेष्ठ एण्ड एसोसिएट्स

चार्टर्ड एकाउन्टेन्ट्स

UDIN: 210103CA00490wzikB

मुख्य लेखापरिक्षण व्यहोराहरुसंग सम्बन्धित अनुसूची

व्यवस्थापनपत्र (प्रारम्भिक प्रतिवेदन) का साथै निम्नकारणहरुले गर्दा संस्थाले सहकारी ऐन, नियम, मापदण्ड, संस्थाको विनियम र विभागिय परिपत्रहरु समेतको आधारमा हाम्रा रायहरु निम्नानुसार बुँदागत रुपमाउल्लेख गरिएको छ :

१. संस्थाको वित्तिय कारोवारको लेखा PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return, Liquidity and Sign of Growth) को अनुगमन विधि पूर्णरुपले अवलम्वन गर्नुपर्ने देखिन्छ ।

२. संस्थाको काउन्टर कारोवार, भल्ट र मार्गस्थलको लागी बिमा गरेको देखिन्छ ।

३. संचालक समितिको अध्यक्ष नै प्रबन्धकीय कार्यमा संलग्न रही पारिश्रमिक लिने गरेको देखिन्छ ।

४. सहकारी ऐन, २०७४, अनुसार निक्षेप संकलन गर्दा प्राथमिक पूँजिकोषको १५ गुणाको सीमा भित्र रहि संकलन गर्नुपर्नेमा आ.ब. २०७६।७७ को अन्त्यमा प्राथमिक पूँजिकोषको ७.०१ गुणा मात्र निक्षेप संकलन भएको देखिन्छ । प्राथमिक पूँजि कोषको तुलनामा निक्षेप संकलन बढाउनु पर्ने देखिन्छ । संकलित निक्षेप सुरक्षित क्षेत्रमा लगानी गरिनुपर्ने देखिन्छ ।

५. ऋणी सदस्यहरुसँग प्रक्रियागत शुल्क बापत संस्थाले एक प्रतिशत सम्म लिने गरेको देखिन्छ । साथै ऋण नविकरण गर्दा नविकरण गरिएको ऋणको ०.५ प्रतिशत शुल्क लिने गरेको पाईयो ।

६. संस्थाले कम्प्युटरमा Software Channakya मा अभिलेख राखेको छ । मासिक कारोवारको विवरण शेयर सदस्यहरुको जानकारीको लागि प्रकाशित गरेको देखिन्छ ।

७. मुद्दति लगानी समेत समावेश गरी २०७७ आषाढ मसान्तमा संस्थाले २२.८८ प्रतिशत तरलता कायम गरेको देखियो । अधिक तरलतालाई सुरक्षित क्षेत्रमा लगानी गर्नु पर्ने देखिन्छ ।

८. स्थायी स्वास्थ्य केन्द्र संचालन गरेको र समय समयमा रक्तदान कार्यक्रम संचालन गरी स्वास्थ्य सम्बन्धी चेतना मुलक कार्यक्रम संचालन गर्ने गरिएको देखिन्छ ।

९. संस्थाको लेखा समितिले चौमासिक रुपमा नै परीक्षण गरी प्रतिवेदन दिने गरेको देखिन्छ ।

१०. आ.व. २०७५.७६ को नाफाबाट संरक्षित पुँजी फिर्ता कोषबाट रु. ४४,९८,९५७ र शेयर लाभांश वितरण कोषबाट रु. ११,२४७,४०४ कर गरि जम्मा रु. १,५६,४६,३६१ रकम शेयर लाभांश वितरण गरिएको छ, जुन २०७६ अषाढ मसान्तमा बाँकी शेयर मौज्दातको १५.५ प्रतिशत रकम हो । सहकारी नियमावली बमोजिम सँरक्षित पुजी कोषको रकमलाई कारोबारको आधारमा बाँडफाँड गरिनुपर्ने देखिन्छ । बाँडफाँड गरेर बाकिं रहेको रकमलाई सोहि कोषमा राखिएको छ । अन्य वचत कोषबाट अपुग आयकर रु. १,१०,३०९.६४ भुक्तान भएको छ ।

११. यस आ.ब.मा, कर्मचारी बोनसको हकमा ३ महिनाको तलब बराबरको रकम रु ८,५८,१७१ कर्मचारी बोनस व्यवस्था गरिएको छ । साथै गत बर्षको कर्मचारी बोनस व्यवस्था बाट यस आ.ब.मा कर्मचारीलाई रु. ६,६७,६७६ बोनस वितरण गरिएको छ ।

१२. संस्थामा संचालक समिति बैठक यस आ.व. मा २७ पटक तथा लेखा सुपरिवेक्षण समितिको बैठक ५० पटक बसेको पाईयो, त्यस्तै सदस्यहरुले प्रति बैठक रु.२,००० को दरले बैठक भत्ता लिइएको छ ।

१३. आषाढ मसान्तमा कुल बचतको ७०.४८ प्रतिशत रकम आवधिक निक्षेपमा संकलन भएको देखियो । आवधिक निक्षेपको अनुपात घटाई लागत घटाउनु पर्ने देखिन्छ ।
